# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, जेठ २१ गते, २०७६ साल (अतिरिक्ताङ्क २०


## भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. १८

## <u>प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**प्रस्तावनाः** प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई समायानुकूल रुपान्तरित सक्षम, सुदृढ र सेवामुखी बनाउनका लागि प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग ऐन, "२०७६" रहेको छ।

(२) यो ऐन प्रदेश नं. ५ मा लागू हुनेछ ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अख्तियार वाला"** भन्नाले प्रचलित कानून बमोजिम प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको कुनै पदमा नियुक्ति गर्न सक्ने अधिकारी सम्झनुपर्छ।

(ख) **"अध्यक्ष"** भन्नाले प्रदेश लोक सेवा आयोगको अध्यक्ष सम्झनुपर्छ ।

(ग) **"आयोग"** भन्नाले यस ऐनको दफा ३ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ ।

(घ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) **"पदपूर्ति"** भन्नाले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाको रिक्त पदमा खुला प्रतियोगिता तथा बढुवाद्वारा गरिने पदपूर्ति सम्झनुपर्छ।

(च) **"प्रदेश निजामती** सेवा" भन्नाले प्रदेश प्रहरी सेवा र प्रदेश अन्य सरकारी सेवा तथा प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानून बमोजिम तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा सम्झनु पर्छ ।

(छ) **"प्रदेश प्रहरी सेवा"** भन्नाले प्रदेश कानून बमोजिम गठित प्रदेश प्रहरी सेवालाई सम्झनुपर्छ।

(ज) **"प्रदेश सभा"** भन्नाले संविधानको धारा १७६ बमोजिमको प्रदेश सभा सम्झनुपर्छ।

(झ) **"प्रदेश सरकार"** भन्नाले प्रदेश नं. ५ को प्रदेश मन्त्रिपरिषद् सम्झनुपर्छ।

(ञ) **"प्रदेश अन्य सरकारी** सेवा" भन्नाले प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवा बाहेकका प्रदेश कानून बमोजिम गठन भएका अन्य सरकारी सेवा सम्झनुपर्छ ।

(ट) **"लोक** सेवा **आयोग"** भन्नाले संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोग सम्झनुपर्छ।

(ठ) **"सदस्य"** भन्नाले प्रदेश लोक सेवा आयोगको सदस्य सम्झनु पर्छ र सो शव्दले प्रदेश लोक सेवा आयोगको अध्यक्ष समेतलाई जनाउँछ।

(ड) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(ढ) **"संगठित** संस्था" भन्नाले पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथा वा स्वामत्वि वा नियन्त्रण एकल वा संयुक्त रुपमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको भएको प्रदेश स्थित संस्थान, कम्पनी, बैंक, समिति वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकार वा स्थानीय तहद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ ।

(ण) **"स्थानीय तह"** भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

(त) **"स्थानीय सरकारी सेवा"** भन्नाले संविधानको धारा २८५ को उपधारा (३) बमोजिम स्थानीय तहले कानूनद्वारा गठन गर्ने स्थानीय सेवा सम्झनुपर्छ ।

## परिच्छेद-२

## प्रदेश लोक सेवा आयोग

३. **प्रदेश लोक सेवा आयोगः** (१) प्रदेश नं. ५ मा प्रदेश लोक सेवा आयोग रहनेछ जसमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहनेछन् ।

(२) अध्यक्ष र सदस्यको नियुक्तिका लागि देहाय बमोजिमको सिफारिश समिति रहनेछ :

(क) प्रदेश मुख्य मन्त्री -अध्यक्ष

(ख) प्रदेश सभाको सभामुख -सदस्य

(ग) प्रदेश सभाको विपक्षी दलको नेता -सदस्य

(३) उपदफा (२) बमोजिमको समितिको सिफारिशमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

(४) देहायको योग्यता भएको नेपाली नागरिक आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) मान्यताप्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको ।

(५) आयोगका सदस्यहरु मध्ये कम्तीमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरु मध्येबाट र बाँकी सदस्यहरु विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।

(६) आयोगका सदस्यहरुको नियुक्तिको सिफारिस गर्दा आयोगमा कम्तीमा एक जना महिला पर्नेगरी सिफारिश गर्नु पर्नेछ ।

(७) आफ्नो कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा अध्यक्षले उच्च अदालतको मुख्य न्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा सपथ लिनु पर्नेछ ।

(८) अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।

तर, कुनै सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा निज सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछः-

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(ग) निज विरुद्ध संविधान र प्रचलित कानूनको गम्भीर उल्लंघन गरेको, कार्य क्षमताको अभाव वा खराव आचरण भएको वा इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेको आधारमा प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले पेश गरेको अभियोगको प्रस्ताव सो सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतले पारित गरेमा,

(घ) निज शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको प्रतिवेदनको आधारमा उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा र

(ङ) निजको मृत्यु भएमा ।

(१०) उपदफा (९) को देहाय (ग) बमोजिमको अभियोगको प्रस्ताव सम्बन्धी अन्य व्यवस्था प्रदेश सभा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(११) आयोगका अध्यक्ष तथा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

तर, संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्ति हुन, आयोगको सदस्य भएको व्यक्ति सोही आयोगको अध्यक्षमा नियुक्ति हुन वा कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्ति भई काम गर्न यस उपदफामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन ।

४. **सदस्यको पारिश्रमिक र सेवाका शर्तः** (१) आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त प्रदेश कानून बमोजिम हुनेछ । आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपदफा बमोजिमको कानून बनी लागु नभएसम्मका लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिमको पारिश्रमिक, सेवाको शर्त र सुविधा दिइनेछ ।

५. **आयोगको कार्यालयको स्थापनाः** (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आयोगको एक कार्यालय रहेनछ ।

(२) उपदफा (१) बमोजिमको कार्यालयको मुकाम प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम हुनेछ ।

(३) आयोगको संगठन संरचना र कर्मचारीको दरवन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

६. **आयोगको बैठकः** (१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगले गर्नुपर्ने सम्पूर्ण काम आयोगको निर्णय बमोजिम हुनेछ ।

(२) आयोगका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) कम्तीमा दुई जना सदस्यहरु उपस्थित भएमा आयोगको बैठक बस्न सक्नेछ ।

(४) आयोगको बैठकमा सामान्यता बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) आयोगको निर्णय आयोगको सचिवले प्रमाणित गर्नेछ ।

(६) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **आयोगको काम, कर्तव्य र अधिकारः** (१) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ ।

(२) प्रदेश प्रहरी सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ ।

(३) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ ।

(४) संगठित संस्थाको सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ ।

(५) निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श बिना स्थायी नियुक्ति गरिने छैन ।

(६) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) प्रदेश सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ती गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामति सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा र

(च) प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

(७) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्नेगरी प्रत्यायोजन गर्न सक्नेछ ।

(८) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. **कार्य विभाजनः** अध्यक्ष र सदस्यको कार्य विभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **कार्यवाहक भई काम गर्नेः** कुनै कारणवश अध्यक्षको पद रिक्त भएमा वा निज सात दिनभन्दा बढी आयोगमा अनुपस्थित रहेको अवस्थामा आयोगको वरिष्ठतम सदस्यले आयोगको कार्यबाहक अध्यक्ष भई काम गर्नेछ ।

१०. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने स्वीकृत दरबन्दी अनुसारको कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(२) आयोगमा कार्यरत कर्मचारीलाई प्रचलित कानून बमोजिमको अवधि पूरा नहुँदै अन्य कार्यालयमा सरुवा गर्दा आयोगको सहमति लिनु पर्नेछ ।

(३) आयोगको दरबन्दी स्वीकृत नभएसम्म प्रदेश सरकारले आयोगमा आवश्यक कर्मचारी कामकाज गर्न खटाउनेछ ।

## परिच्छेद-३

## शैक्षिक योग्यता तथा पाठयक्रम

११. **शैक्षिक योग्यता निर्धारणः** (१) प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र संगठित संस्थामा पूर्ति गरिने

पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता सम्बन्धित सेवा, शर्त सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम शैक्षिक योग्यता निर्धारण गर्नु अघि सम्बन्धित निकायले आयोगको परामर्श लिनु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता सम्बन्धित सेवा, समूह वा उपसमूहको कुनै पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता सरह छ छैन भन्ने सम्बन्धमा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

१२. **पाठयक्रम निर्माणः** (१) आयोगले लिने परीक्षाको पाठयक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि नतिजा प्रकाशन र तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम लिने परीक्षाको पाठयक्रम, अंकभार, उत्तीर्णाङ्क र तत् सम्बन्धी अन्य व्यवस्था निर्धारण गर्दा आयोगले सम्बन्धित मन्त्रालय, सचिवालय, स्थानीय तह र सम्बन्धित विषयको शैक्षिक संस्था तथा विशेषज्ञसँग परामर्श लिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पाठ्यक्रम निर्माणका लागि आयोगले पाठ्यक्रम निर्धारण समिति गठन गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम पाठ्यक्रम निर्माण गर्दा आवश्यकता अनुसार सम्बन्धित पदको कार्य विवरण र शैक्षिक योग्यता समेतलाई आधार लिई पाठ्यक्रम लागु हुने मिति, प्रत्येक विषयको पूर्णाङ्क, उत्तीर्णाङ्क, परीक्षा प्रणाली, परीक्षाको माध्यम (भाषा), प्रश्नको अंकभार र समय समेतका विषयहरु समावेश गरिनेछ ।

## परिच्छेद-४

## उम्मेदवार छनौट सम्बन्धी व्यवस्था

१३. **उम्मेदवार छनौट गर्ने तरिकाः** (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र संगठित संस्थाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्दा लिखित परीक्षाका अतिरिक्त देहायको कुनै एक वा एकभन्दा बढी तरिका अपनाउन सक्नेछः-

(क) प्रयोगात्मक परीक्षा,

(ख) सीप परिक्षण,

(ग) अन्तर्वार्ता र

(घ) आयोगले समय समयमा तोकेका अन्य तरिका ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले संचालन गर्नेछ ।

(३) आयोगले संचालन गर्ने लिखित परीक्षाको माध्यम भाषा संघीय सरकारी काम काजको भाषा हुनेछ ।

(४) उपदफा (३) मा लेखिएको भाषाका अतिरिक्त अङ्ग्रेजी वा प्रदेश कानून बमोजिम निर्धारण गरिएको सरकारी कामकाजको भाषा समेत परीक्षाको माध्यम भाषा हुन सक्नेछ ।

१४. **पदपूर्तिको मागः** (१) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको रिक्त पदपूर्तिका लागि सम्बन्धित निकायले आयोगले निर्धारण गरे बमोजिमको माग फाराममा रिक्त पदको सेवा, समूह, उपसमूह, पदसंख्या, कार्य विवरण र न्यूनतम योग्यता समेत उल्लेख गरी आयोगमा पठाउनु पर्नेछ ।

(२) पदपूर्तिको माग सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **पद संख्या निर्धारणः** (१) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको रिक्त पदपूर्ति गर्दा त्यस्तो सेवाको शर्त सम्बन्धी कानूनमा पदपूर्तिका लागि उल्लेख भएको प्रतिशत बमोजिम पद संख्या निर्धारण गरी प्रतियोगिता वा बढुवाद्वारा पूर्ति गरिने पदसंख्या निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कानून नबनेसम्म त्यस्तो पद संख्या प्रचलित कानूनको सिद्धान्त र मापदण्ड बमोजिम आयोगले निर्धारण गर्न सक्नेछ ।

१६. **विज्ञापन प्रकाशन गर्नेः** (१) आयोगले रिक्त पदपूर्ति गर्नको लागि कार्य तालिका बनाई विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(२) दफा १५ बमोजिम पद संख्या निर्धारण भएपछि आयोगले प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रकाशित विज्ञापन अनुसार लिइने परीक्षाको तरीका, परीक्षा दस्तुर, दरखास्तको ढाँचा र परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम विज्ञापन प्रकाशन गर्दा आयोगले कम्तीमा प्रदेश स्तरका दैनिक समाचारपत्र, आयोगको वेभ साइट वा आवश्यकता अनुसार सञ्चारका अन्य माध्यम मार्फत विज्ञापन प्रकाशन गर्नु गराउनु पर्नेछ ।

१७. **दरखास्त फाराम उपर छानविन गर्नेः** (१) दफा १६ बमोजिम प्रकाशित विज्ञापन अनुसार आयोगमा प्राप्त दरखास्त फाराम विज्ञापनमा उल्लेख भए बमोजिम रीत पुगे नपुगेको रुजु गर्दा रीत पूर्वकको देखिएमा सो दरखास्त स्वीकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त फाराम उपर छानविन गर्दा म्यादभित्र प्राप्त नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लिखित विवरण नखुलाएको वा नमिलेको, परीक्षा दस्तुर नबुझाएको वा अन्य रीत नपुगेको पाइएमा त्यस्तो दरखास्त फाराम उपर कुनै कारबाही गरिने छैन ।

(३) कुनै पनि उम्मेदवारको दरखास्त फाराम शर्त राखी स्वीकृत गरिने छैन ।

१८. **<u>दरखास्त अस्वीकृत गर्न सक्ने</u>**ः (१) दफा १६ बमोजिम आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम कुनै उम्मेदवारले पेश गरेको दरखास्त तोकिएको ढाँचा बमोजिम नभएको, रीत नपुगेको वा निजको योग्यता आयोगले निर्धारण गरे बमोजिमको नदेखिएमा त्यस्तो व्यक्तिको दरखास्त फाराम आयोगले जुनसुकै बखत अस्वीकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त अस्वीकृत भएमा सो को कारण सहितको जानकारी आयोगले उम्मेदवारलाई दिनुपर्नेछ र आयोगको वेभ साइटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

१९. **<u>विज्ञापन वा परीक्षा रद्द गर्न सक्नेः</u>** (१) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिमको पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी परीक्षा सञ्चालन हुनु अगाडि सम्बन्धित निकायले त्यस्तो विज्ञापन रद्द गर्न कारण सहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्द गर्न वा गराउन सक्नेछ ।

(२) परीक्षा सञ्चालन गरेको केन्द्रमा कुनै किसिमको अनियमितता भएमा वा कुनै बाधा अवरोध उत्पन्न भई आंशिक वा पूर्णरूपले परीक्षा

सञ्चालन हुन नसकेमा आयोगले त्यसको कारण खुलाई उक्त दिनको परीक्षा वा सम्बन्धित विज्ञापनको परीक्षा आंशिक वा पूर्ण रुपमा रद्द गर्न सक्नेछ ।

२०. <u>**परीक्षा दस्तुर फिर्ता पाउने:**</u> दफा १८ बमोजिम दरखास्त अस्वीकृत भएमा वा दफा १९ बमोजिम विज्ञापन रद्द भएमा त्यस्तो विज्ञापनको लागि आयोगले लिएको परीक्षा दस्तुर सम्बन्धित व्यक्तिको बैंक खातामा जम्मा गरिदिनु पर्ने छ ।

२१. <u>**प्रश्न पत्र निर्माण**</u>: (१) आयोगले सञ्चालन गर्ने परीक्षाको लागि आवश्यक पर्ने प्रश्न पत्रको निर्माण, परिमार्जन र भण्डारण आयोगले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रश्न निर्माण वा परिमार्जन गर्ने विषय विज्ञको योग्यता, निजले पालना गर्नुपर्ने शर्त एवम् अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) आयोगले परीक्षाको लागि प्रश्नको निर्माण वा परिमार्जन गर्दा सम्बन्धित विषयका दक्ष वा विशेषज्ञद्वारा गराउनु पर्नेछ ।

२२. <u>**विभिन्न चरणमा परीक्षा लिन सकिने:**</u> (१) आयोगले परीक्षा लिने विभिन्न सेवाका पदमध्ये आयोगले तोकेको कुनै सेवा, समूह तथा उपसमूहको कुनै पदको लागि संयुक्त वा छुट्टाछुट्टै वा विभिन्न चरणमा परीक्षा लिन सक्नेछ ।

(२) आयोगले प्रदेश प्रहरी सेवा, अन्य सरकारी सेवा र संगठित संस्थाको सेवाको पदमा पदपूर्ति गर्न लिइने लिखित परीक्षा संचालन गरी सोको नतिजा प्रकाशन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम लिने लिखित परीक्षामा उम्मेदवार संख्याको आधारमा आयोगले पूर्व योग्यता परीक्षा लिन सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम परीक्षा लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **उत्तर पुस्तिकाको ढाँचा र सङ्केत नम्बरः** (१) आयोगले लिने लिखित वा प्रयोगात्मक परीक्षा सम्पन्न भएपछि तोकिए बमोजिम उत्तर पुस्तिकामा सङ्केत नम्बर राख्नु पर्नेछ ।

(२) विद्युतीय प्रणालीबाट उत्तरपुस्तिका परीक्षण गर्ने प्रयोजनका लागि उत्तर पुस्तिकामा बारकोडको प्रयोग गर्न सकिनेछ र त्यसरी बारकोडको प्रयोग भएमा छुट्टै संकेत नं. राख्नु पर्ने छैन ।

(३) आयोगले संचालन गर्ने लिखित परीक्षाको उत्तर पुस्तिकाको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **उत्तर पुस्तिका परीक्षणः** (१) दफा २३ बमोजिम उत्तर पुस्तिकामा सङ्केत नम्बर राखी सकेपछि विषय विज्ञद्वारा उत्तर पुस्तिकाको परीक्षण गराउनु पर्नेछ ।

(२) उत्तर पुस्तिकाको परीक्षण गर्ने विषय विज्ञको योग्यता, पालना गर्नु पर्ने शर्त वा उत्तर पुस्तिका परीक्षण गर्ने स्थान सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) दफा २३ बमोजिम तोकिएको ढाँचा विपरीतको उत्तर पुस्तिका परीक्षण गरिने छैन ।

(४) दफा २३ बमोजिम विषय विज्ञबाट परीक्षण भई प्राप्त भएका उत्तर पुस्तिका रुजु गर्नु पर्नेछ ।

(५) आयोगले आवश्यक देखेमा सम्बन्धित विषयको विशेषज्ञबाट परीक्षण भई प्राप्त भएका उत्तर पुस्तिका मध्ये सबै वा केही उत्तर पुस्तिका सम्परीक्षण गराउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम उत्तरपुस्तिका सम्परीक्षण गर्दा विषय विज्ञले पालना गर्नु पर्ने शर्तहरु पालना भएको नपाइएमा त्यस्ता उत्तर पुस्तिकाको पुनः परीक्षण गराउनु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि उत्तर पुस्तिकाको पुनः परीक्षण गरिने छैन ।

२५. **सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन**: (१) आयोगले आवश्यकतानुसार सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कनका लागि आयोगका सदस्यको अध्यक्षतामा सम्बन्धित विषयको विज्ञ र अन्य एकजना व्यक्ति सदस्य रहेको मूल्याङ्कन समिति गठन गर्न सक्नेछ ।

तर सहायक स्तरको पदका लागि लिइने सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्यांकन गर्न आयोगका अधिकृत स्तरका कर्मचारीको अध्यक्षतामा समिति गठन गर्न बाधा पर्नेछैन ।

(२) सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन सम्बन्धी तरिका र विधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२६. **लिखित वा प्रयोगात्मक परीक्षाको नतिजाः** (१) आयोगले लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा त्यस्तो परीक्षामा उत्तीर्ण भएका उम्मेदवार मध्ये रिक्त पदको अनुपातमा तोकिए बमोजिमको संख्यामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको वर्णानुक्रम अनुसार नाम, थर र रोल नम्बर समेत उल्लेख गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तर्वार्ता तथा विभिन्न चरणमा लिइने अन्य परीक्षाको कार्यक्रम र मिति समेत उल्लेख गर्नु पर्नेछ ।

(३) लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले कम्तीमा पन्ध्र दिन पछि र बढीमा तीन महिना भित्र सिफारिस गरिसक्ने गरी अन्तर्वार्ता कार्यक्रम तोक्नु पर्नेछ ।

२७. **पुनर्योग**ः (१) आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उम्मेदवारले आफ्नो लिखित परीक्षाको कुनै एक वा एक भन्दा बढी पत्रको पुनर्योग गरी पाउँ भनी पुनर्योग गर्नु पर्ने पत्र उल्लेख गरी सो पदका लागि तोकिएको परीक्षा दस्तुरको आधा दस्तुर संलग्न गरी लिखित परीक्षाको नतिजा प्रकाशन भएको सात दिनभित्र आयोगमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा त्यस्तो लिखित परीक्षाको नतिजा प्रकाशनमा संलग्न बाहेक अन्य कर्मचारीबाट प्राप्ताङ्कको पुनर्योग गरी सोको नतिजा १५ दिनभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनर्योग गर्दा निवेदकको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नुपर्ने देखिएमा लिखित परीक्षाको नतिजामा समावेश गरी संशोधित सूचना प्रकाशन गर्नु पर्नेछ ।

२८. **अन्तर्वार्ता समिति गठन**ः (१) आयोगले पदपूर्तिका लागि उम्मेदवारको छनौट गर्न तोकिए बमोजिम अन्तर्वार्ता समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा अध्यक्ष वा निजले तोकेको सदस्यको अध्यक्षतामा गठन गर्नु पर्नेछ ।

तर सहायक स्तरको पद पूर्ति गर्न आयोगको अधिकृत स्तरको कर्मचारीको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन गर्न बाधा पर्नेछैन ।

(३) यस दफा बमोजिमको अन्तर्वार्ता समितिमा सम्बन्धित क्षेत्रको एक जना विषय विज्ञ रहने गरी गठन गर्नुपर्नेछ ।

(४) अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **<u>अन्तिम नतिजा प्रकाशन गर्ने</u>:** (१) आयोगले पदपूर्तिका लागि लिइने उम्मेदवारको छनौटसम्बन्धी परीक्षामा सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाम, थर, बाबु, आमाको नाम, थर, ठेगाना र सिफारिस गरिएको निकाय समेत उल्लेख गरी योग्यता क्रम अनुसार खुला र समावेशी तर्फ समेतको अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा तोकिए बमोजिमको संख्यामा वैकल्पिक उम्मेदवारको सूची र अन्तर्वार्तामा छनौट हुन नसकेका न्यूनतम उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवार मध्ये तोकिएको संख्यामा अस्थायी उम्मेदवारको सूची प्रकाशन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको वैकल्पिक सूची सोही पदको अर्को परीक्षा नभएसम्म र अस्थायी सूची सोही पदको अर्को अस्थायी सूची प्रकाशन नभएसम्म कायम रहनेछ ।

३०. **<u>एकमुष्ट योग्यता क्रमको सूची प्रकाशन गर्ने</u>:** दफा २९ बमोजिम योग्यता क्रमको सूची प्रकाशन गर्दा एउटै परीक्षाको माध्यमबाट सिफारिस हुने आन्तरिक, खुला तथा समावेशी समूहका उम्मेदवारले प्राप्त गरेको कूल अंकको आधारमा सेवा, समूह, उप-समूहको एकमुष्ट योग्यता क्रम सूची समेत तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

३१. **<u>नियुक्तिको सिफारिश</u>:** (१) दफा २९ बमोजिम नतिजा प्रकाशन गर्दा आयोगले लिएको समान स्तरको एक भन्दा बढी पदको परीक्षामा उत्तीर्ण

हुने उम्मेदवारलाई दोहोरो नपर्ने गरी विज्ञापनको क्रम अनुसार सिफारिश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिश गर्दा योग्यताक्रम अनुसार नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिश गर्ने प्रयोजनका लागि लिखित परीक्षामा छनोट भएका उम्मेदवारलाई अन्तर्वार्ता हुनु भन्दा अगाडि तोकिए बमोजिम सिफारिश हुने कार्यालय रोज्न लगाउनु पर्नेछ ।

(४) यस दफा बमोजिम प्रतियोगिताको आधारमा हुने बढुवाको योग्यता क्रम सूची प्रकाशन गर्नु अगाडि कुनै उम्मेदवार उपर बढुवाको उम्मेदवार हुन नपाउने गरी विभागीय सजाय भएको आधिकारिक जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको नाम हटाई योग्यता क्रम सूची प्रकाशन गर्नु पर्नेछ ।

(५) योग्यता क्रमको सूची प्रकाशन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) आयोगले नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस पठाउँदा सम्बन्धित उम्मेदवारले बुझाएको एक प्रति दरखास्त फाराम र सोसाथ पेश भएका प्रमाण-पत्रका एक/एक प्रति प्रमाणित प्रतिलिपि समेत पठाउनु पर्नेछ ।

३२. **<u>वैकल्पिक उम्मेदवार सिफारिसः</u>** (१) दफा ३१ बमोजिम सिफारिश गरिएको उम्मेदवारमध्ये कुनै उम्मेदवारको नियुक्तिको सिफारिश दफा ४५ बमोजिम वदर भएमा वा अन्य कुनै कारणले उक्त पद आयोगले सिफारिश गरेको मितिले एक वर्ष भित्र रिक्त भएमा आयोगले योग्यता क्रम अनुसार वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिश गर्नु पर्नेछ ।

(२) आयोगले अस्थायी नियुक्तिका लागि सिफारिश गर्दा वैकल्पिक सूचीमा समावेश भई स्थायी नियुक्ति हुन नसकेका उम्मेदवारलाई पहिलो योग्यता क्रमको सूचीमा समावेश गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम वैकल्पिक उम्मेदवारलाई नियुक्त गर्नुपर्ने अवस्था परेमा अख्तियारवालाले पद रिक्त भएको मितिले सात दिनभित्र आयोगलाई जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पद रिक्त भएको सात दिन भित्र जानकारी दिन नसकेको मनासिव कारण सहित अख्तियारवालाबाट लेखी आएमा आयोगले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई योग्यता क्रम अनुसार नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ।

तर, आयोगले नियुक्तिका लागि सिफारिस गरेको एक वर्ष पछिलेखी आएमा वैकल्पिक उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिने छैन ।

(५) उम्मेदवारको नियुक्तिको सिफारिश सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. **<u>अस्थायी नियुक्तिका लागि सिफारिस गर्ने</u>**: (१) सेवा, समूह तथा उप-समूहसँग सम्बन्धित प्रचलित कानून बमोजिम अस्थायी नियुक्तिका लागि आयोगमा माग भई आएमा आयोगले वैकल्पिक उम्मेदवारको सूचीमा नाम समावेश भई स्थायी नियुक्ति हुन नसकेका र अस्थायी उम्मेदवारको सूचीमा रहेका उम्मेदवारहरू मध्येबाट योग्यता क्रमको आधारमा सिफारिस गर्नेछ ।

(२) वैकल्पिक तथा अस्थायी सूचीमा समावेश भएका उम्मेदवारको सङ्ख्या भन्दा अस्थायी नियुक्तिको लागि माग भएको सङ्ख्या बढी भएमा आयोगले सोभन्दा अघिल्लो विज्ञापनमा वैकल्पिक तथा अस्थायी सूचीमा

रहेको उम्मेदवारलाई समेत अस्थायी नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ।

(३) यस दफा बमोजिम अस्थायी नियुक्तिको लागि सिफारिस गर्दा उक्त पदमा स्थायी पदपूर्ति नभएसम्मका लागि बढीमा छ महिनासम्मको लागि सिफारिस गर्नुपर्नेछ ।

## परिच्छेद-५

## परामर्श सम्बन्धी व्यवस्था

३४. **परामर्श दिने**: (१) दफा ७ बमोजिम आयोगसँग परामर्श माग गरिएको विषयमा आयोगले तोकिए बमोजिमको समयमा परामर्श दिनेछ ।

(२) आयोगले परामर्श दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३५. **आयोगको परामर्श कार्यान्वयन:** (१) आयोगले दिएको परामर्श कार्यान्वयन गर्ने गराउने दायित्व परामर्श माग गर्ने अधिकारीको हुनेछ।

(२) कुनै विशेष कारण वा परिस्थिति परी आयोगले दिएको परामर्श कार्यान्वयन गर्न सकिने अवस्था नभएमा त्यसको मनासिव कारण खोली परामर्श माग गर्ने अधिकारीले पुनर्विचारको लागि आयोग समक्ष लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुनर्विचारको लागि लेखी आएमा आयोगलाई आफूले दिएको परामर्श पुनर्विचार गर्नुपर्ने पर्याप्त आधार, कारण र औचित्य रहेको भन्ने लागेमा आयोगले तत्सम्बन्धमा पुनः परामर्श दिन सक्नेछ।

(४) विभागीय सजाय सम्बन्धमा आयोगबाट प्राप्त परामर्श आयोगले तोकेको अवधिभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनुपर्नेछ ।

३६. **स्थायी नियुक्ति बदर हुने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आयोगको परामर्श बिना भएको स्थायी नियुक्ति स्वतः बदर हुनेछ।

## परिच्छेद-६

## कसुर र सजाय

३७. **कामबाट हटाउनेः** (१) यस ऐन बमोजिमको परीक्षा सञ्चालनमा संलग्न कर्मचारी वा व्यक्तिले परीक्षा केन्द्रमा कुनै अनियमित काम कारबाही गरेमा त्यस्तो कर्मचारी वा व्यक्तिलाई तत्काल कामबाट हटाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कामबाट हटाइएको कर्मचारी वा व्यक्तिलाई आयोगले अभिलेख राखी भविष्यमा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षा सम्बन्धी काममा संलग्न हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम कामबाट हटाइएको कर्मचारी वा व्यक्तिको विवरण आयोगले आफ्नो वेभ साईटमा प्रकाशन गर्नेछ।

३८. **रोक लगाउन सक्नेः** (१) कुनै उम्मेदवारले कुनै परीक्षा केन्द्रमा होहल्ला गरी परीक्षा सञ्चालनमा बाधा अवरोध पुऱ्याएमा वा तोकिएको परीक्षा सम्बन्धी शर्त र मर्यादाको उल्लङ्घन गरेमा त्यस्तो उम्मेदवारलाई केन्द्राध्यक्षले तत्काल परीक्षा केन्द्रबाट निष्काशन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निष्काशन गरिएको व्यक्तिलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा एक वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(३) परीक्षा केन्द्रमा चिट चोर्ने वा चोराउने, अर्काको नक्कल गर्ने वा गराउने, विद्युतीय उपकरणको प्रयोग गरी परीक्षामा अनियमित काम गर्ने वा आयोगले तोकेको शर्तको उल्लघंन गर्ने उम्मेदवारलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा दुई वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) कुनै परीक्षार्थीले आफ्नो उत्तर पुस्तिका नबुझाई आफू साथ लिई गएमा वा आयोगले फिर्ता गर्नु पर्ने भनी तोकेका प्रश्न पत्र फिर्ता नबुझाएमा वा कसैले त्यस्तो प्रश्नको प्रतिलिपि बनाई वा विद्युतीय उपकरणबाट सार्वजनिक गरेमा आयोगले त्यस्तो व्यक्तिलाई आयोगद्वारा लिइने परीक्षामा तीन वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(५) आयोगले परीक्षा सञ्चालन गरिरहेको परीक्षा केन्द्रमा आयोगले तोकेको परीक्षा समयमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना कसैले प्रवेश गरेमा वा प्रवेश गर्न प्रयत्न गरेमा आयोगले त्यस्तो व्यक्तिलाई आयोगद्वारा लिइने परीक्षामा चार वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(६) कसैले आयोगले परीक्षा सञ्चालन गर्ने परीक्षा केन्द्र नियन्त्रणमा लिएमा वा लिन प्रयत्न गरेमा, अर्काको नामबाट परीक्षा दिएमा वा दिन लगाएमा वा परीक्षा सञ्चालनमा बाधा अवरोध पुऱ्याएमा वा पुऱ्याउने प्रयत्न गरेमा आयोगले त्यस्तो व्यक्तिलाई आयोगद्वारा लिइने परीक्षामा पाँच वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

३९. **कसूर र सजायः** (१) कसैले आयोगले परीक्षा सञ्चालन गर्ने परीक्षा केन्द्र नियन्त्रणमा लिएमा वा लिन प्रयत्न गरेमा, अर्काको नामबाट परीक्षा दिएमा

वा दिन लगाएमा, आयोगले तोकेको परीक्षा समयमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गरेमा वा प्रवेश गर्ने प्रयत्न गरेमा वा परीक्षा सञ्चालनमा बाधा अवरोध पुऱ्याएमा वा पुऱ्याउने प्रयत्न गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

(२) उपदफा (१) बमोजिम कसूर गर्ने वा गर्न लगाउने व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

४०. **प्रचलित कार्यविधि बमोजिम हुनेः** दफा ३९ बमोजिमको मुद्दाको कारबाही र किनारा प्रचलित कार्यविधि कानून बमोजिम हुनेछ ।

## परिच्छेद-७

## विविध

४१. **अनुगमन तथा निरीक्षणः** (१) आयोगले देहायका विषयमा अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्नेछ :-

(क) प्रदेश सरकारका विभिन्न मन्त्रालय, सचिवालय, निर्देशनालय, कार्यालयले नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा संविधान तथा प्रचलित कानून र आयोगले दिएको परामर्श पालना गरेको वा नगरेको,

(ख) प्रदेश प्रहरी र अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगले दिएको परामर्श पालना भए नभएको,

(ग) सङ्गठित संस्थाको कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून बनाउँदा, तथा त्यस्तो सेवाका पदमा बढुवा गर्दा र

कर्मचारीलाई विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगले दिएको परामर्श पालना भए नभएको,

(२) उपदफा (१) बमोजिम आयोगले अनुगमन तथा निरीक्षण गर्ने वा गराउने प्रयोजनको लागि आयोग वा प्रदेश सरकारका अधिकृत स्तरका कर्मचारीलाई खटाउन सक्नेछ।

(३) अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. **<u>काम कारबाही सच्याउन वा बदर गर्न सक्ने:</u>** (१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगको परामर्श लिनु पर्ने विषयमा आयोगको परामर्श नलिई कुनै कारबाही भए गरेमा आयोगले त्यस्तो काम कारबाही बदर गर्न सक्नेछ।

(२) दफा ४१ बमोजिम अनुगमन वा निरीक्षण गर्दा वा गराउँदा संविधान, यो ऐन, अन्य प्रचलित कानून तथा आयोगले निर्धारण गरे बमोजिमको कार्यविधि र शर्त पूरा नगरी कुनै कर्मचारीलाई नियुक्ति, बढुवा वा विभागीय कारबाही गरेको पाइएमा त्यस्तो नियुक्ति, बढुवा वा विभागीय कारबाही सच्याउन वा बदर गर्न आदेश दिन सक्नेछ।

(३) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिमको परीक्षामा वा आयोगले सञ्चालन गरेको परीक्षामा उम्मेदवार हुन कुनै व्यक्तिले पेश गरेको कुनै विवरण झुट्टा वा गलत देखिन आएमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त, परीक्षा, अन्तर्वार्ता वा नियुक्तिको सिफारिस बदर गर्नेछ र निजले

नियुक्ति पाइसकेको भए प्रचलित कानून बमोजिम आवश्यक कारबाही चलाउन सम्बन्धित निकायमा लेखी पठाउने छ ।

(४) आयोगद्वारा प्रत्यायोजित अधिकार बमोजिम नियुक्त हुने पदमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि वा आयोगले तोकेको शर्त पूरा नगरी व्यक्तिलाई नियुक्ति गरेको पाइएमा आयोगले त्यस्तो नियुक्तिलाई जुनसुकै बखत बदर गर्न सक्नेछ।

४३. **वार्षिक प्रतिवेदनः** (१) आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः-

(क) उम्मेदवार छनौट गर्न लिएको परीक्षा र परीक्षामा संलग्न भएका तथा उत्तीर्ण भएका परीक्षार्थीको सङ्ख्यात्मक विवरण,

(ख) विभिन्न निकायलाई आयोगले दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(ग) प्रदेश निजामती सेवाका कर्मचारीलाई विभागीय कारबाही र सजाय गर्दा दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(घ) विभिन्न सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा दिएको परामर्श त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(ङ) प्रदेश निजामती सेवा तथा अन्य सरकारी सेवा र सङ्गठित संस्थाको सेवामा सुधार गर्नुपर्ने विषय लगायत आयोगले आवश्यक देखेका अन्य विषय ।

४४. **सुझाव दिन सक्नेः** (१) आयोगको काम कारबाहीको सिलसिलामा वा आयोगले गरेको अध्ययन वा अनुसन्धानको आधारमा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा वा सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवाको शर्त सम्बन्धी कानूनमा सुधार गर्न आवश्यक देखिएमा आयोगले सम्बन्धित निकायलाई सुझाव दिन सक्नेछ।

(२) आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा वा सङ्गठित संस्थाको सेवासँग सम्बन्धित निकायको व्यवस्थापनलाई स्वच्छ, निष्पक्ष, सक्षम, कार्यमूलक र प्रभावकारी बनाउन उक्त निकायलाई समय समयमा आवश्यक सुझाव दिन सक्नेछ ।

४५. **विभागीय सजायका लागि लेखी पठाउन सक्नेः** (१) दफा ३७ को उपदफा (१) बमोजिम कामबाट हटाइएको कर्मचारीलाई आयोगले विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) दफा ३८ बमोजिमको कसूर निजामती सेवा, नेपाल प्रहरी, अन्य सङ्घीय सरकारी सेवा वा सङ्गठित संस्थाका कर्मचारीले गरेमा त्यस्तो कर्मचारीलाई विभागीय कारबाहीका लागि आयोगले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम विभागीय कारबाहीका लागि लेखी आएमा अख्तियारवालाले तीन महिना भित्र सम्बन्धित कर्मचारीलाई

निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

४६. **नियुक्ति रद्द हुने:** कसैले आफ्नो सट्टा अन्य कुनै व्यक्तिलाई परीक्षा दिन लगाएमा निजले परीक्षा दिएको सम्बन्धित विज्ञापनको सम्पूर्ण विषयको परीक्षा निजको हकमा स्वतः रद्द हुनेछ र त्यसरी दिएको परीक्षाको आधारमा सिफारिस भई कुनै व्यक्तिले नियुक्ति पाएको भएमा त्यस्तो नियुक्ति जुनसुकै बखत बदर हुनेछ ।

४७. **विषय विज्ञको सेवा लिन सक्ने:** (१) आयोगले सम्पादन गर्नुपर्ने कामका लागि सम्बन्धित विषयको विषय विज्ञको वा विशिष्टीकृत निकायको सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा लिने प्रयोजनको लागि विषय विज्ञको वा विशिष्टीकृत निकायको मनोनयन वा छनौट अध्यक्षले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम सेवा लिए बापत सम्बन्धित विषय विज्ञको वा विशिष्टीकृत निकायलाई आयोगले निर्धारण गरे बमोजिमको पारिश्रमिक, सुविधा तथा सेवा शुल्क दिइनेछ।

४८. **खर्च गर्न सक्ने:** प्रदेश सरकारले आयोगको लागि बजेट मार्फत छुट्याएको रकम प्रचलित कानून बमोजिम आयोगले खर्च गर्न सक्नेछ ।

४९. **दस्तुर वा शुल्क:** (१) प्रदेश सेवा, स्थानीय सेवा र संगठित संस्थाको सेवामा खुला प्रतियोगिता, अन्तरसेवा प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति गर्दा लिइने परीक्षाको दस्तुर आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) यस ऐनमा अन्यत्र उल्लेख गरिएको अतिरिक्त आयोगको काम कारबाहीका सम्बन्धमा आयोगले आवश्यक दस्तुर वा शुल्क तोक्न सक्नेछ।

५०. **समन्वय र सहयोगः** आयोगले समान उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग समन्वय वा आपसी सम्बन्ध र सहयोग लिन सक्नेछ।

५१. **आयोगको प्रतिनिधिः** प्रदेश प्रहरी, प्रदेश अन्य सरकारी सेवा र सङ्गठित संस्थाको सेवामा पदपूर्तिको लागि गठन हुने सेवा आयोग वा समितिमा आयोगको प्रतिनिधि रहनेछ ।

५२. **लिखतको गोपनीयताः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले सञ्चालन गर्ने परीक्षासँग सम्बन्धित लिखत तथा कागजात गोप्य रहनेछ । अदालतको आदेश भएकोमा बाहेक त्यस्ता कागजात सार्वजनिक गर्न आयोग बाध्य हुनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले निर्धारण गरे बमोजिमका परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न वा धुल्याउन सकिनेछ ।

५३. **अधिकार प्रत्यायोजनः** (१) आयोगले यस ऐनको दफा (७) बमोजिमको आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई वा अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्नुपर्ने भएमा त्यस्तो अधिकारको प्रयोग र पालना गर्नुपर्ने शर्त निर्धारण गरी तोकिए बमोजिम प्रत्यायोजन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ ।

५४. **<u>उजूरीः</u>** (१) आयोगद्वारा प्रत्यायोजित अधिकार बमोजिम काम गर्ने अधिकारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सो काम कारबाही भए गरेको मितिले पैतीस दिनभित्र आधार र कारण खोली आयोग समक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजूरी पर्न आएमा आयोगले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त निर्णय गर्नेछ ।

५५. **<u>आयोग र लोक सेवा आयोगको सम्बन्धः</u>** (१) आयोग र लोक सेवा आयोग बीच समन्वयात्मक सम्बन्ध रहनेछ ।

(२) आयोगको काम कारबाहीलाई प्रभावकारी बनाउन लोक सेवा आयोग र आयोगका अध्यक्ष र सदस्यबीच समय समयमा गरिने छलफलमा आयोगको सहभागिता हुनेछ ।

५६. **<u>लोक सेवा आयोगलाई अनुरोध गर्न सक्ने</u>** : प्रदेश लोक सेवा आयोग गठन भएपछि आयोगले सञ्चालन गर्ने कुनै परीक्षा सञ्चालन गरिदिन आयोगको सिफारिसमा प्रदेश सरकारले नेपाल सरकार मार्फत लोक सेवा आयोगलाई अनुरोध गर्न सक्नेछ ।

५७. **<u>प्रदेश सरकारसँग सम्पर्कः</u>** आयोगले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ।

५८. **<u>प्रतिकूल असर नपर्नेः</u>** यस ऐनमा लेखिएको कुनै कुराले न्याय सेवा आयोगको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने विषयमा कुनै असर पर्ने छैन।

५९. **<u>अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्य गर्न सक्नेः</u>** आयोगले प्रदेश सेवा स्थानीय सेवालाई सक्षम र प्रभावकारी बनाउन तथा निजामती सेवा प्रति

आकर्षण बढाउन समय समयमा अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्न सक्नेछ ।

६०. **सहयोग लिन सक्ने** : आयोगले पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण वा परीक्षा सम्बन्धी कुनै पनि विषयका सम्बन्धमा लोक सेवा आयोगको सहयोग लिन सक्नेछ ।

६१. **नियम बनाउने अधिकार** : यो ऐन कार्यान्वयन गर्न आयोगले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

६२. **निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेः** यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही आयोगले आफूले सम्पादन गर्नुपर्ने काम सुचारू रुपले सञ्चालन गर्न वा गराउनको लागि आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

६३. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची

(दफा ३ को उपदफा (७) सँग सम्बन्धित)

**शपथ**

म.....................................मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा सपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण वफादार रहँदै मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराव भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा वाहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति : ....................

हस्ताक्षर

प्रमाणीकरण मितिः २०७६/०२/२१

**आज्ञाले,**

**केशवराज आचार्य**

**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय